आज मिति २०७७ साल बैशाख ५ गते जिल्ला संकट व्यवस्थापन केन्द्रको संयोजक एवं प्रमुख जिल्ला अधिकारी श्री कृष्ण कुमार निरौलाको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालयमा COVID-19 को विषयमा छलफल गर्न देहायको उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| प्र.जि.अ. श्री कृष्ण कुमार निरौला | - अध्यक्ष |
| सेनानी श्री चन्द्र बहादुर कार्की | - सदस्य |
| प्र.ना.उ. श्री भुवनेश्वर प्रसाद साह | - सदस्य |
| स.प्र.ना.उ. श्री रमेश कान्त पोखरेल | - सदस्य |
| प्र.अ.अ. श्री केशव प्रसाद न्यौपाने | - सदस्य |
| स्वा.से.का. प्रमुख डा. निर्मल नगरकोटी | - सदस्य |
| नि.जि.स.अ. श्री भिमराज सेजुवाल | - सदस्य |
| स.प्र.जि.अ. श्री केशव ज्ञवाली | - सदस्य सचिव |

<u>सल्लाहकार</u>

श्री पूर्ण बहादुर रोकाया - जि.स.स. प्रमुख

<u>विशेष उपस्थिति</u>

मा. श्री गोपाल बम, सांसद, प्रतिनिधी सभा
श्री जय बहादुर मल्ल, सभापति, नेपाल रेडक्रस, मुगु
श्री मंगल बहादुर शाही, प्रतिनिधि नेकपा
श्री सूर्यदेवी मल्ल, प्रतिनिधि, नेका
श्री धर्म बहादुर शाही , प्रतिनिधि नेकपा
श्री जीत बहादुर मल्ल, प्रतिनिधि नेकपा
श्री वृख बहादुर थापा, प्रतिनिधि नेकपा
श्री पारशमणी मल्ल, अध्यक्ष, अस्पताल विकास समिति

<u>निर्णयहरु</u>

१) COVID-19 को रोकथाम एवं नियन्त्रणका लागि जिल्लास्तरबाट गरिएका प्रयासहरुको देहाय अनुसार समीक्षा गरियो । हेल्थ डेक्सको संख्या १९ वटा रहेको, क्वारेनटाइन वेड संख्या २९८ रहेको, Isolation वेड संख्या ११ रहेको, ५४७५ जनालाई चेकजाँच गरिएको, क्वारेनटाइनमा राखिएका जम्मा ४९ जनामा सबैलाई फिर्ता गरिएको, १ जनालाई Isolation मा राखिएकोमा Swab परिक्षणमा नेगेटिभ रिपोर्ट आएकोले डिसचार्ज गरिएको, ५ जनाको स्वाव संकलन गरि परीक्षणका लागि पठाइएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको, जिल्लामा जम्मा ६६ जनाको RDT गरिएकोमा ५८ जनाको रिपोर्ट नेगेटिभ आएको, १ जनाको रिपोर्ट पोजेटिभ आएको ~~र बाँकी १७ जनाको रिपोर्ट आउन बाँकी रहे~~को, भारत लगायत विदेशबाट मिति २०७६।१२।११ पश्चात आएका सबैलाई RDT गराउन सबै स्थानी~~य तहहरुमा पत्राचार गरिएको जिल्लामा जम्मा ७ जनाको RDT गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ~~ आएको, अन्य कसैलाइ पनि उच्च ज्वरोका साथै कोरोना भाइरससंग मिल्दोजुल्दो लक्षण नदेखिएको, विदेश/भारतबाट आएका व्यक्तिहरुको खोजी कार्यका लागि स्थानीय तहहरुबाट टोली परिचालन गरिएको, जिल्ला प्रहरी कार्यालयबाट प्रहरी परिचालन गरि भारत र तेस्रो मुलुकबाट आएका व्यक्तिहरुलाई खोजी गर्दै स्थानीय तहहरुलाई बुझाउने कार्य पनि जारी रहेको र स्थानीय तहहरुबाट प्राप्त जानकारी अनुसार हालसम्म जम्मा ४९८ घर/ परिवारलाई राहत वितरण गरिएको ।

२) COVID-19 संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको चलानी नम्बर ३५५३ मिति २०७७।१।०२ को पत्रसाथ प्राप्त नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१।२ को निर्णय उच्च प्राथमिकताका साथ पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने ।जिल्ला प्रवेश गर्ने सीमा नाकाहरुमा थप कडाइका साथ निगरानी बढाउने, विदेश/ भारतबाट आएका व्यक्तिहरुलाई कम्तिमा १४ दिनसम्म

क्वारेनटाइनमा अनिवार्य रुपमा राख्ने, एक गाउँ/ वस्ति/ टोलबाट अन्य गाउँ बस्ती/ टोलमा आवतजावत गर्न पूर्ण प्रतिबन्ध लगाउने, आदेशको उलंघन गर्नेहरुलाई प्रचलित कानुन बमवजिम सजाय गर्ने ।

३) मुगु जिल्ला कर्णाली प्रदेशकै विकट र अधिकांश अति विपन्न समुदायहरु रहेको जिल्लाको रुपमा रहेको छ । यहाँका अधिकांश मानिसहरु विदेश/भारतमा रोजगारीका निम्ति जाने आउने क्रम विगतदेखि निरन्तर चलिरहेको छ ।विदेश/ भारतमा रोजगारीका लागि गएका नागरिकहरु फर्कने क्रम निरन्तर बढीरहेको र कोभिड-१९ को संक्रमण पनि फैलने सन्त्रास स्थानीय वासीहरुमा रहेको छ ।कोभीड-१९ को संक्रमण रोकथाम र नियन्त्रणको लागि जिल्लमा प्राप्त १४० थान RDT किट बाट परिक्षण गर्ने क्रममा खत्याड गा.पा. वडा नं. ५ का एक जनामा पोजेटिभ देखिएको, उक्त गा.पा.मा करिब ३०० जना मानिसहरु विदेश/भारतबाट आएको पालिकाबाट जानकारी प्राप्त भएको र अन्य स्थानीय तहहरुमा समेत अधिक संख्यामा विदेश/भारत बाट मानिसहरु आएको देखिएकाले १००० थान RDT किट सहित आवश्यक चिकित्सक टोली यथासिघ्र खत्याड र सोरु गाउँपालीकामा पठाउने व्यवस्था हुनका लागि नेपाल सरकार, कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, शान्ति सुरक्षा अनुगमन तथा नियन्त्रण कार्य समुह, छाउनी, काठमाण्डौ, गृह मन्त्रालय, कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामिजक विकास मन्त्रालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लालाई अनुरोध गर्ने निर्णय गरियो ।

४) खत्याड गाउँपालिकाको श्रीकोटमा भएको RDT मा १ जनालाई पोजेटिभ देखिएको भन्ने सुचना प्राप्त भएकाले RDT पोजेटिभ देखिएको व्यक्तिको यथासिध्र स्वाब परिक्षाण गराउने व्यवस्था मिलाउने, निज व्यक्ति संगै आएका र सम्पर्कमा आएका व्यक्तिहरुको Tracing र Tracking गरि यथासिघ्र लगत तयार गर्ने र निजहरुको स्वास्थ्य जाँच गराई क्वारेनटाइनमा राख्ने, एक गाउँ बस्ती/वडा बाट अर्को वडा/वस्ती/गाउँमा आवतजावत लाई पूर्ण बन्देज लगाउने, नेपाल सरकारले घोषणा गरेको लकडाउनलाई कडाइका साथ पालना गर्ने गराउने, विदेश/ भारतबाट आएका व्यक्तिहरको पहिचान र निगरानी गर्ने कार्यलाई तिव्रता दिई नियमित लागत अध्यावधिक गरि स्वास्थ्य परिक्षण कार्यलाई तिव्रता दिने ।

५) राहत वितरणमा एकद्वार प्रणाली अपनाउने।नेपाल सरकारले निर्णय गरे बमोजिम श्रमिक लगायत दैनिक ज्यालादारीमा काम गर्ने अति विपन्न परिवारको लगत लिई तत्काल राहत वितरण गर्ने व्यवस्था सम्बन्धित स्थानीय तहले गर्ने र अन्य संघसंस्थाहरुले राहत वितरण गर्दा सम्बन्धित स्थानीय तहसंग समन्वय गरेर मात्र गर्ने।राहतको नाममा कोही कसैले आफु खुशी चन्दा / राहत संकलन एवं वितरण नगर्ने नगराउने ।

६) कोरोना भाइरसबाट कुनै व्यक्ति संक्रमित वा मृत्यु भएमा उक्त व्यक्तिलाई स्थानान्तरण गर्न वा सदगतका निम्ति अन्तिम संस्कार गर्ने स्थलसम्म पुऱ्याउन प्रत्यक स्थानीय तहले कम्तिमा एक/ एक वटा सवारी साधान/ट्याक्टरको आफ्नो तर्फबाट बन्दोबस्त गरि तयारी अवस्थामा राख्ने र ***COVID-19 का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६*** अनुसार गर्ने गराउने ।

७) कोभिड- १९ को स्वाव तथा पिसिआर परीक्षण गर्नका निम्ति सुर्खेतसम्म पु-याउने व्यवस्थाका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने ।हाललाई जुनपालिका अन्तरगतका बिरामीको परीक्षण गरिने हो सोही पालिकाले आवश्यक सवारी साधन र जनशक्तिको व्यवस्था गरी सुर्खेत सम्म पु-याउने ।

८) स्थानीय तह अन्तरगतका स्वास्थ्यचौकीहरुमा औषधि, उपकरण, स्वास्थ्यकर्मीहरुको सुरक्षाका समाग्रीहरुको अभाव रहेको भन्ने जनगुनासो आएकोले सम्बन्धित स्थानीय तहहरुले तत्काल औषधि उपकरणहरुको आपूर्तिको व्यवस्था मिलाउने ।

९) नोबेल कोरोना भाईरस (COVID-19) नियन्त्रण तथा रोकथामको पूर्वतयारीका लागि कम्तिमा २ वटा एम्बुलेन्सलाई कोभिड १९ मैत्री तुल्याउन भनी नेपाल सरकारबाट लेखी आएको तर यस जिल्लामा २ वटा एम्बुलेन्सहरु मात्र चालु हालतमा रहेकोमा जिल्लामा सडक संजाल विस्तार भइरहेको, भौगोलिक विकटता र विद्यमान जनसंख्या, हालको विपद्को विद्यमान अवस्थालाई मध्यनजर गर्दा सबै स्थानीय तहहरुमा कम्तीमा एक/एक वटा एम्बुलेन्स अति आवश्यक देखिएकोले तत्काल कम्तीमा एक थान एम्बुलेन्स खरिद गर्नको निम्ति अनुरोध गर्ने ।साथै खत्याड गाउँपालीकामा रहेको एम्बुलेन्सलाई तत्काल मर्मत गरि संचालनमा ल्याउन समेत अनुरोध गर्ने ।

१०) मिति २०७६।०१।२ गते विहान परेको असिना पानी र बाढीका कारण यस जिल्लाको सोरु र खत्याड गाउँपालिकाका केही स्थानमा अन्न बाली तथा पशु चौपायाको क्षेति भएको भन्ने जानकारी प्राप्त भएकाले सो स्थानमा के कति अन्न बाली तथा पशु चौपायाको क्षेती भएको हो ? सम्बन्धित स्थानीय तहहरु, कृषि विकास कार्यालय मुगु र भेटेनरी अस्पताल तथा पशु सेवा कार्यालय मुगुबाट प्राविधिक खटाई सोको मूल्यांङकन प्रतिवेदन यस कार्यालयमा समेत पेश गर्न निर्देशन दिने ।

११)नेपाल सरकार, गृह मन्त्रालयबाट लकडाउन अवधिभरका लागि ईपासको व्यवस्था भएकोमा यस जिल्लाका अधिकांस स्थानमा मोवाईल र इन्टरनेट सेवाको पहुँच नरहेकाले व्यवहारिक रुपमा ईपासको कार्यान्वयन गर्न कठिनाइ भएको हुँदा अति आवश्यक कार्यको लागि यस कार्यालयबाट नै हस्त लिखित पास उपलब्ध गराउने ।

१२) लकडाउनको अबधिमा सामुदायीक, राष्ट्रिय निकुञ्ज र सरकारी वन क्षेत्रमा वन फडानी, चोरी निकासी, अतिक्रमण हुने सम्भावनालाई ध्यानमा राखि वन क्षेत्रमा सम्बद्ध निकायाहरुले सुरक्षाकर्मीहरुसंग समन्वय गरि अनुगमन तथा गस्तीलाई बढाउने र गैह्रकानुनी क्रियाकलाप गर्ने हरुलाई प्रचलित कानुन बमोजिम कडा भन्दा कडा सजाय गर्ने ।

१३)उद्योग वाणिज्य संघ लगायत सबै सरोकारवाला निकायहरुले एकआपसमा समन्वय गरी कार्य गर्ने र यस जिल्लाका लागि खाद्यान लगायतका दैनिक उपभोग्य वस्तुहरुको ढुवानी गर्न सबै ढुवानी व्यवसायीहरु एवं सो सम्बन्धी संघ संस्थाहरुलाई अनुरोध गर्ने र दैनिक उपभोग्यवस्तु बोकेका ट्रक ट्र्याक्टरहरुलाई सहज रुपमा जिल्लामा ल्याउन पहल गर्ने ।

१४) लगडाउनलाई अझ बढी प्रभावकारी तुल्याउन सम्बन्धित वडाका वडाध्यक्षको नेतृत्वमा स्थानीय स्तरमा टिम गठन गरी प्रभावकारी ढंगबाट परिचालन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

१५) कोभिड-१९ संक्रमण फैलदै गएको सन्दर्भमा कतिपय जिल्लामा एम्बुलेन्सहरुले कोभिड-१९ को संक्रमण संग मिल्दोजुल्दो लक्षण भएका बिरामीहरु बोक्न नमानेको गुनासो आएकाले त्यस्तो कार्य गरेमा सम्बन्धित एम्बुलेन्स संचालक संस्था तथा एम्बुलेन्स चालकलाई प्रचलित कानुन बमोजिम कारबाही गर्ने ।साथै, कोभिड-१९ को संक्रमण संग मिल्दोजुल्दो लक्षण भएका बिरामीहरु बोक्ने एम्बुलेन्सहरुलाई PPE Gawn उपलब्ध गराउने व्यवस्था मिलाउने ।

१६)जिल्लामा खाना पकाउने ग्यास लगायत दैनिक उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्थालाई प्रभावकारी तुल्याउन सबै थोक व्यापारीहरुले आफ्ना ग्राहकहरुलाई अनावश्यक संचय गर्न नदिने गरी खाद्य सामग्री उपलब्ध गराउन निर्देशन दिने साथै बजारमा हुने अनावश्यक मुल्यवृद्धि, कालाबजारी नियन्त्रण एवं साप्ताहिक स्टक मौज्दात लिने र बजारको सुक्ष्म अध्ययन गर्नका लागि देहाय बमोजिमको समिति गठन गर्ने ।

देहायबमोजिम

- सहायक प्रमुख जिल्ला अधिकारी – संयोजक
- जिल्ला प्रहरी कार्यालयको प्रतिनिधी – सदस्य
- सशस्त्र प्रहरी बल नेपाल प्रतिनिधी – सदस्य
- राष्ट्रिय अनुसन्धानको प्रतिनिधी – सदस्य